# लोक सेवा आयोग
# केन्द्रीय कार्यालय, अनामनगर
## सूचना तथा प्रकाशन शाखा
## *टाइपिष्ट पदहरुमा बढुवा (आ.प्र.) को लागि फाराम भर्ने सूचना*
**सूचना नं. १६९/०७०-७१**

प्रशासन सेवा, सामान्य प्रशासन समूहका राजपत्र अनंकित तृतीय र द्वितीय श्रेणीका टाइपिष्टहरुलाई माथिल्लो पदमा बढुवा गर्ने सम्बन्धमा टाइपिष्ट वर्गिकरण योजना, २०३८ बमोजिम देहाय अनुसारको शर्तहरु पूरा गरेका टाइपिष्टहरुले आयोगबाट निर्धारित फाराम भरि दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | बढुवा वि.नं. | कार्यालयको नाम | क्र. सं. | बढुवा वि.नं. | कार्यालयको नाम |
|---|---|---|---|---|---|
| १ | १/०७०-७१ | पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटा | २ | ३०१/०७०-७१ | मेची अञ्चल कार्यालय, इलाम |
| ३ | ४०१/०७०-७१ | सगरमाथा अञ्चल कार्यालय, दिक्तेल | ४ | ५०१/०७०-७१ | मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, कमलपोखरी |
| | ८०१/०७०-७१ | जनकपुर अञ्चल कार्यालय, जलेश्वर | ६ | ९०१/०७०-७१ | नारायणी अञ्चल कार्यालय, हेटौंडा |
| ७ | १००१/०७०-७१ | पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखरा | ८ | १३०१/०७०-७१ | धवलागिरी अञ्चल कार्यालय, बाग्लुङ |
| ९ | १४०१/०७०-७१ | लुम्बिनी अञ्चल कार्यालय, बुटवल | १० | १५०१/०७०-७१ | मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, सुर्खेत |
| ११ | १८०१/०७०-७१ | राप्ती अञ्चल कार्यालय, दाङ | १२ | १९०१/०७०-७१ | कर्णाली अञ्चल कार्यालय, जुम्ला |
| १३ | २००१/०७०-७१ | सुदूरपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, दिपायल | १४ | २३०१/०७०-७१ | महाकाली अञ्चल कार्यालय, महेन्द्रनगर |

## राजपत्र अनंकित द्वितीय श्रेणीको टाइपिष्ट पदमा बढुवा हुनका लागि
(क) तृतीय श्रेणीको टाइपिष्ट पदमा कम्तिमा २ वर्षको स्थायी सेवा भएको ।
(ख) दशम् कक्षा उत्तीर्ण भएको ।
(ग) न्यूनतम बेग नेपालीमा ३५ शब्द प्रति मिनेट वा अंग्रेजीमा ५० शब्द प्रतिमिनेट भएको ।

तर एस.एल.सी. वा सो सरह उत्तीर्ण भएका स्थायी तृतीय श्रेणीका टाइपिष्टहरुले द्वितीय श्रेणीको टाइपिष्ट पदमा बढुवामा सम्मिलित हुनको लागि उपरोक्त दफा (क) मा उल्लिखित शर्त पूरा गर्नुपर्ने छैन ।

## राजपत्र अनंकित प्रथम श्रेणीको टाइपिष्ट पदमा बढुवा हुनका लागि
(क) द्वितीय श्रेणीको टाइपिष्ट पदमा कम्तिमा ३ वर्षको स्थायी सेवा भएको ।
(ख) दशम् कक्षा उत्तीर्ण भएको ।
(ग) न्यूनतम बेग नेपालीमा ४५ शब्द प्रति मिनेट वा अंग्रेजीमा ६० शब्द प्रतिमिनेट भएको ।

तर आई.ए. वा सो सरह उत्तीर्ण भएका स्थायी द्वितीय श्रेणीका टाइपिष्टहरुले प्रथम श्रेणीको टाइपिष्ट पदमा बढुवामा सम्मिलित हुनको लागि उपरोक्त दफा (क) मा उल्लिखित शर्त पूरा गर्नुपर्ने छैन ।

**परीक्षाको किसिमः-** प्रयोगात्मक बेग परीक्षा र अन्तर्वार्ता ।
**परीक्षा केन्द्रः-** विज्ञापनसंग सम्बन्धित क्षेत्रीय निर्देशनालयहरू र अञ्चल कार्यालयहरू ।
**परीक्षा दस्तुरः-** रु. १५०।- (एकसय पचास)

**दरखास्त दिने स्थानः-**
**१.विज्ञापनसंग सम्बन्धित क्षेत्रीय निर्देशनालय र सो अन्तर्गतका अञ्चल कार्यालयहरुमा मात्र दरखास्त दिन सकिने छ । साथै मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, कमलपोखरीको विज्ञापनको हकमा काठमाडौं उपत्यका दरखास्त संकलन केन्द्र, अनामनगरमा दरखास्त बुझाउनु पर्नेछ ।**
**२. दरखास्त दिने अन्तिम मितिः-** २०७०।४।३० गतेदेखि २०७०।५।१८ गतेसम्म र दोब्बर दस्तुर तिरी २०७०।५।२५ गतेसम्म ।
**३.वेग परीक्षा कार्यक्रमः-** २०७०।६।६ गते दिनको ११.०० बजे ।
**अन्तर्वार्ता हुने मितिः-** प्रयोगात्मक परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ ।
**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह सम्बन्धी ।
**तलबः-** प्रचलित स्केल बमोजिम ।
**सेवा सम्बन्धी मन्त्रालयः-** सेवा, समूह, उपसमूहको सामान्य प्रशासन सञ्चालन गर्न तोकिएका सम्बन्धित मन्त्रालयहरू ।

**द्रष्टव्यः**

(क) दरखास्त साथ शैक्षिक योग्यताको प्रमाणपत्रहरू{समकक्षता निर्धारण नभएको वा श्रेणी नखुलेको भए त्रि.वि.वि.बाट सो समेत गराई} नेपाली नागरिकताको प्रमाणपत्र समेतको प्रतिलिपि एवं विज्ञापनसंग सम्बन्धित कार्यालयमा दरखास्त दस्तुर बुझाएको नगदी रसिद पेश गर्नु पर्नेछ ।

(ख) दरखास्त फारामको नमूना आयोगको **Website: www.psc.gov.np** बाट खुला र आ.प्र. को लागि निर्धारण गरिएको दरखास्त फाराम **Download** गरी आवश्यक विवरण भरी तोकेको कागजात सहित साधारण फाइलमा विज्ञापन नम्बर, सेवा, समूह, उपसमूह र उम्मेदवारको नाम, थर लेखि फाइलमा नत्थी गरी विवरण भरी बुझाउन सकिने छ ।